# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, चैत २५ गते २०४२ साल (संख्या ५१

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

#### भन्सार (दोस्रो संशोधन) नियमावली, २०४२

भन्सार नियमावली, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, भन्सार ऐन, २०१९ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "भन्सार (दोस्रो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. भन्सार नियमावली, २०२६ को नियम १४ मा संशोधनः भन्सार नियमावली, २०२६ को नियम १४ को,–

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) उप-नियम (१) मा तोकिएको अवधिभित्र माल वा वस्तु नछुटाएमा आठौं दिनदेखि देहायका भन्सार कार्यालयमा देहायबमोजिमका दरले डमरेज (विलम्ब शुल्क) लाग्नेछ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) विमानस्थल भन्सार कार्यालयमाः–

(१) पहिलो महिनामा प्रति के. जी. प्रतिदिन दश पैसा, दोस्रो महिनामा प्रति के.जी. प्रतिदिन बीस पैसा र तेस्रो महिनादेखि प्रति के.जी. प्रतिदिन तीस पैसा,

(२) दुई सय के. जी. भन्दा बढी वजन भएको मोटरगाडी, ट्रेक्टर वा मेशिनरी सामानको मूल्यको अनुपातमा पहिलो महिनामा प्रति एक हजार रूपैयाँमा प्रतिदिन चार रूपैयाँ, दोस्रो महिनामा प्रति एक हजार रूपैयाँमा प्रतिदिन आठ रूपैयाँ र तेस्रो महिनादेखि प्रति एक हजार रूपैयाँमा प्रतिदिन सोन्ह रूपैयाँ,

(ख) अन्य भन्सार कार्यालयमाः–

(१) पहिलो महिनामा प्रति के. जी. प्रतिदिन पाँच पैसा, दोस्रो महिनामा प्रति के. जी. प्रतिदिन दश पैसा, तेस्रो महिनादेखि प्रति के. जी. प्रतिदिन पन्द्र पैसा,

(२) दुई शय के. जी. भन्दा बढी वजन भएको मोटरगाडी, ट्रेक्टर वा मेशिनरी सामानको मूल्यको अनुपातमा पहिलो महिनामा प्रति एक हजार रूपैयाँमा प्रतिदिन दुई रूपैयाँ, दोस्रो महिनामा प्रति एक हजार रूपैयाँमा प्रतिदिन चार रूपैयाँ र तेस्रो महिनादेखि प्रति एक हजार रूपैयाँमा प्रतिदिन छ रूपैयाँ।

स्पष्टीकरण :– यस उप-नियमबमोजिम विलम्ब शुल्कको हिसाब गर्दा तौलमा एक के.जी. वा मूल्यमा एक हजार रूपैयाँभन्दा कम बाँकी रहेमा एक के.जी. वा एक हजार रूपैयाँ मानी हिसाब गरिनेछ।

दफा १४ (२) मा तोकिएको डेमरेज (विलम्व शुल्क) को दरमा आर्थिक वर्ष २०४३।४४ देखि प्रतिवर्ष दश प्रतिशतका दरले थप डेमरेज (विलम्व शुल्क) समेत बढाई असूल गरिनेछ।"

(२) उप-नियम (५) झिकिएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

290